# गाउँसभाको पन्ध्रौ अधिवेशनबाट पारित भएका निर्णयहरुः

भगवतीमाई गाउँपालिका

**गाउँसभा**

**१५ औं अधिवेशन २०८१**

बैठक संख्याः १ मितिः २०८१/०३/०७ गते

<u>बैठकमा भएका छलफल तथा निर्णयहरुः</u>

१. भगवतीमाई गाउँपालिका गाउँसभाको १५ अधिवेशन गाउँसभा अध्यक्ष श्री गणेशवहादुर थापा ज्यूले आरम्भ गर्नुभयो ।

२. गाउँपालिका अध्यक्ष श्री गणेशवहादुर थापा ज्यूले आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्नुभयो र वार्षिक नीति तथा कार्यक्रम माथि छलफलमा सभा सदस्यहरुले भाग लिनु भयो ।

३. जिल्ला समन्वय समितिका सदस्य श्री कोकिलाकुमारी खड्का ज्यूले गाउँसभालाई विशेष सम्वोधन गरि विभिन्न सुझाव दिनुभयो ।

४. कर्णाली प्रदेश सभा सदस्य माननीय पुर्णबहादुर खत्री ज्यूले गाउँसभालाई विशेष सम्वोधन गरि विभिन्न सुझाव तथा निर्देशन गर्नुभयो ।

५. राष्ट्रिय सभा सदस्य माननीय सावित्री मल्ल ज्यूले गाउँसभालाई विशेष सम्वोधन गरि विभिन्न सुझाव तथा निर्देशन गर्नुभयो ।

६. प्रतिनिधि सभा सदस्य एवं शिक्षा, स्वास्थ्य सूचना प्रविधि मन्त्री माननीय अम्वरबहादुर थापा ज्यूले गाउँसभालाई विशेष सम्बोधन गरि विभिन्न सुझाव तथा निर्देशन दिनुभयो ।

७. आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा गाउँसभा सदस्य ज्यूहरु भाग लिनु भयो ।

८. गाउँसभा अध्यक्ष ज्यूले पेश गर्नु भएको आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पारितको लागि सभा समक्ष निर्णयार्थ पेश गर्नुभयो र गाउँसभाबाट आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत पारित भयो ।

९. गाउँसभा उपाध्यक्ष ज्यूले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धी छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्नुभयो ।

१०. विनियोजन विधेयकका सिद्धान्त र प्राथिमकता माथि छलफल गरियोस् भन्ने प्रस्ताव अध्यक्ष ज्यूले सभासमक्ष निर्णयार्थ पेश गरि सभाबाट सर्वसम्मत पारित भयो ।

११. विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि सभा सदस्य ज्यूहरुले छलफलमा भाग लिनु भयो ।

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ, दैलेख कर्णाली प्रदेश नेपाल

१२. विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सभाबाट स्वीकृत गरियोस् भन्ने प्रस्ताव उपाध्यक्ष ज्यूले पेश गर्नु र अध्यक्ष ज्यूबाट प्रस्ताव निर्णयार्थ सभासमक्ष प्रस्तुत भई सभाबाट सर्वसम्मत पारित भयो ।

१३. गाउँपालिका अध्यक्ष ज्यूबाट अर्को बैठक २०८१/०३/०९ गते विहान ११:०० बजे बस्ने गरी पहिलो बैठक स्थगन गर्नुभयो ।

बैठक संख्याः २ मितिः २०८१/०३/०९ गते

<u>बैठकमा भएका छलफल तथा निर्णयहरुः</u>

१. यस भगवतीमाई गाउँपालिका गाउँसभाको १५ अधिवेशनको दोस्रो बैठक गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आरम्भ भएको जानकारी गराउनु भयो ।

२. कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आगामी आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्न उपाध्यक्ष श्री मिनाकुमारी खड्का ज्यूलाई समय दिनु भई गाउँपालिका उपाध्यक्ष ज्यूले बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्नुभयो ।

३. आगामी आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम माथि गाउँसभा सदस्य ज्यहरुले भाग लिनु भयो ।

४. भगवतीमाई गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक, २०८१ सामाजिक विकास समितिका संयोजक श्री देवलोक अधिकारी ज्यूले सभामा पेश गर्नु भयो ।

५. गाउँपालिका अध्यक्ष ज्यूबाट अर्को बैठक २०८१/०३/२९ गते विहान ११:०० बजे बस्ने गरी दोस्रो बैठक स्थगित गर्नुभयो ।

बैठक संख्याः ३ मितिः २०८१/०३/२९ गते

<u>बैठकमा भएका छलफल तथा निर्णयहरुः</u>

१ यस भगवतीमाई गाउँपालिका गाउँसभाको १५ औं अधिवेशनको तेस्रो बैठक गाउँसभा अध्यक्ष श्री गणेशवहादुर थापा ज्यूले आरम्भ भएको जानकारी गराउनु भयो ।

२ अध्यक्ष ज्यूको अनुमतिले आगामी आ.व. २०८१/०८२ संशोधित वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष ज्यूले गाउँसभामा पेश गर्नु भयो ।

Scanned with CamScanner

३ उपाध्यक्ष ज्यूले सभामा पेश गर्नु भएको आगामी आ.व. २०८१/०८२ को संशोधित वार्षिक बजेट तथा कार्यक्रम सभामा छलफल भई अध्यक्ष ज्यूबाट निर्णयार्थ पेश भए अनुसार सर्वसम्मत पारित भयो ।

४ कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले विनियोजन विधेयक, २०८१ माथि दफावार छलफलमा भाग लिन सभा सदस्यहरुलाई समय दिनुभयो र सभा सदस्यहरु छलफलमा सहभागी भई आवश्यक सुझाव पेश गर्नुभयो । विनियोजन विधेयक, २०८१ अध्यक्ष ज्यूबाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

५ कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आर्थिक विधेयक, २०८१ माथि दफावार छलफलमा भाग लिन सभा सदस्यहरुलाई समय दिनुभयो र सभा सदस्यहरु छलफलमा सहभागी भई आवश्यंक सुझाव पेश गर्नुभयो । आर्थिक विधेयक, २०८१ अध्यक्ष ज्यूबाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

६ कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले खानेपानी सरसफाई तथा स्वच्छता विधेयक, २०८१ माथि दफावार छलफलमा भाग लिन सभा सदस्यहरुलाई समय दिनुभयो र सभा सदस्यहरु छलफलमा सहभागी भई आवश्यक सुझाव पेश गर्नुभयो । खानेपानी सरसफाई तथा स्वच्छता विधेयक, २०८१ अध्यक्ष ज्यूबाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

७. उपाध्यक्ष ज्यूले न्यायिक समितिको बार्षिक प्रतिवेदन २०८०/०८१ सभामा पेश गर्नु भई सर्वसम्मत पारित गरियो ।

८ अर्थ तथा सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन २०८०/०८१ समितिका संयोजक लोकवहादुर रावतले सभामा पेश गर्नु भई छलफल तथा सर्वसम्मत पारित भयो ।

९ न्यायिक समितिको वार्षिक प्रतिवेदन २०८०/०८१ समितिका संयोजक एंव उपाध्यक्ष श्री मिनाकुमारी खड्का ज्यूले पेश गर्नु भई दफावार छलफल तथा सर्वसम्मत पारित भयो ।

१० कर्मचारी छनौट तथा पदपूर्ति समितिको वार्षिक प्रतिवेदन २०८०/०८१ संस्थागत विकास तथा सुशासन समितिका संयोजक श्री इन्द्रवहादुर थापा ज्यूले पेश गर्नु भई छलफल तथा सर्वसम्मत पारित भयो ।

११ अध्यक्ष ज्यूले समसामयिक विषयमा छलफलको लागि समय दिनु भई विभिन्न सार्वजनिक सरोकारका विषयमा गाउँसभामा छलफल भयो । अन्तिममा देहायका नीतिगत निर्णय गरि सभा अध्यक्ष ज्यूबाट १५ औं अधिवेशन अन्त्य भएको घोषणा गर्नुभयो ।

Scanned with CamScanner

गणेश बहादुर थापा
अध्यक्ष

<u>नीतिगत निर्णयहरु</u>

**निर्णय नं. १ :**

यस गाउँपालिकामा आ.व. २०८१/०८२ को लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान नेपाल सरकार र प्रदेश सरकारद्धारा निर्धारित मार्गदर्शन बमोजिम तोकिएको कार्यक्रम र शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

भगवतीमाई गाउँपालिकाबाट आ.व. २०८१/०८२ मा संचालन हुने योजना तथा कार्यक्रमहरुमा पहिलो प्राथमिकता श्रम रोजगार बैकलाई दिने, रु. २०००००० (विस लाख) सम्मका आयोजना तथा कार्यक्रमहरु कार्यको प्रकृति र आवश्यकता अनुसार उपभोक्ता समिति वा लाभग्राही समूहबाट संचालन गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

गाउँपालिकाबाट संचालित आयोजना (ठेक्का वाहेक) मा प्रयोग हुने मेशिन तथा उपकरणहरुको सम्वन्धित फर्म वा कम्पनीले गाउँ कार्यपालिकाको कार्यालयमा रु.५०००। (अक्षेरुपी पाँच हजार) दस्तुर तिरी सूचीकृत गरेको मेशिन तथा उपकरण मात्र प्रयोग गर्ने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ र वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम यस गाउँपालिका क्षेत्रभित्र अवलम्वन भईरहेको वातावरणमैत्री, वालमैत्री स्थानीय शासनपद्धतीलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस गाउँपालिका क्षेत्रभित्र एउटा मात्र प्रहरी चौकी रहेको र सो प्रहरी चौकीमा दरवन्दी संख्या समेत न्यून रहेको हुँदा वेस्तडा प्रहरी चौकीलाई स्तरोन्नती गरी इलाका प्रहरी कार्यालय स्थापनाको लागि नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने र प्रहरी चौकी भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस गाउँपालिकाका तपसिलका स्थानमा पक्की पुल तथा झोलुंगे पुल निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**<u>तपसिल:</u>**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान |
|---|---|---|
| १. | वावियातडा-चिपिनतडा पुल निर्माण | वडा नं. १ र ६ |
| २. | तुर्सु खोला (वालतडा) पक्की पुल निर्माण | वडा नं. ३ र ४ |
| ३. | सीमाखोला पक्की पुल निर्माण | वडा नं. ४ |
| ४. | वडाखोला झो.पु. | वडा नं. ७ |

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

गणेश बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. ७ :**

यस गाउँपालिका क्षेत्रभित्र ४ वटा टावर (नेपाल टेलिकम २ र एनसेल २) रहेको हुँदा सुरक्षाको दृष्टिकोणलाई मध्यनजर गरी सशस्त्र वेश क्याम्प राख्नुपर्ने भएकोले जिल्ला प्रशासन कार्यालय मार्फत सशस्त्र वेश क्याम्प स्थापनाको लागि नेपाल सरकार, गृहमन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरु गाउँपालिकाको लेकाली पदमार्ग, शिखरद्धारी मन्दिर, वुरुसे मालिका मन्दिर, माई भगवती मन्दिर, नयाँ मालिका मन्दिर, जगनाथ हिल्समा भौतिक पूर्वाधार निर्माणको लागि कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस गाउँपालिकाको समग्र विकासको लागि विषयगत रणनीतिक योजना र विभिन्न विषयगत तालिमको लागि सरकारी तथा गैरसरकारी संघसंस्था र साझेदार निकायसँग सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस गाउँपालिकामा आ.व. २०८०/०८१ मा संचालन भई विभिन्न मितिमा जाँचपास तथा फरफारक भएका सम्पुर्ण योजना तथा कार्यक्रमहरुको सम्पुर्ण खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

यस गाउँपालिकाको लागि चालु आ.व. २०८०/०८१ मा गाउँ कार्यपालिकावाट भएका सम्पुर्ण निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नं. १२:**

यस गाउँपालिका अन्तर्गत उपभोक्ता समिति वा लाभग्राहीद्धारा संचालन हुने गाउँपालिकाका आयोजना तथा कार्यक्रम (लक्षित कार्यक्रम वाहेक) मा उपभोक्ता समितिको जनसहभागिता वाह्य निर्माण सामग्री वाहेक कम्तिमा २० प्रतिशत गर्नुपर्ने र योजना तथा कार्यक्रममा पेश्की शुन्य नीतिलाई कायमै राख्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

भगवतीमाई गाउँपालिका क्षेत्रभित्र आगामी आ.व. २०८१/०८२ मा कार्यक्रम संचालन गर्न नेपाल सरकार वा प्रदेश सरकारवाट प्राप्त भएका अन्य कार्यक्रमहरु यस गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रभमा समावेश गरी कार्यान्वयन गर्ने र सरकारी तथा गैरसरकारी संस्थाहरुले पेश गरेका कार्यक्रमहरु अनुमोदन गर्ने र आवश्यकताको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:**

आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) वढीमा ४ प्रतिशत कट्टी गर्ने र सोको कार्ययोजना वनाई खर्च गर्न कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

भगवतीमाई गाउँपालिका
कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

गणेश बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. १५ :**

यस गाउँपालिकामा स्वीकृत दरवन्दी वमोजिम आवश्यक कर्मचारीको पदपूर्ति भई नसकेको हुँदा हाल यस कार्यालयमा कार्यरत अस्थायी, करार र सेवा करारमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था भएमा सोही वमोजिम हुने गरी आवश्यकताको आधारमा अस्थायी र करार अवधी निरन्तरता तथा पदपूर्ति गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

यस गाउँपालिका अन्तर्गत सुस्वा परियोजना, ग्रेप परियोजना कार्यक्रम, नेपाल रेडक्रस सोसाईटी, वर्ल्ड भिजन इन्टरनेशनल मार्फत संचालन हुने कार्यक्रम गाउँपालिकाको समन्वय र आवश्यकता अनुसार सह/लगानीमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुलाई नेपाल सरकारको प्रचलित तलव स्केल वमोजिम तलव भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

यस गाउँपालिकाको गाउँसभा वैठक, गाउँ कार्यपालिका वैठक, विषयगत समिति, वडा समिति, कानून वमोजिम गठित अन्य विभिन्न समितिका वैठकका पदाधिकारी तथा सहभागीहरुलाई वैठक भत्ता रु. १५००। का दरले उपलब्ध गराउने र अपाङ्गता परिचयपत्र वितरण स्थानीय समन्वय समितिका संयोजकलाई रु. १५००। र अन्य सदस्यहरुलाई रु. १०००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत स्वीकृत स्थायी दरवन्दीमा करार सेवामा कार्यरत तथा गाउँपालिकाबाट स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा गाउँ कार्यपालिकावाट पेश भए वमोजिम स्वीकृत गर्ने निर्णय गरियो । घर भएको वडामा कार्यरत कर्मचारीको हकमा स्थानीय भत्ता उपलब्ध नहुने निर्णय गरियो ।

**तपसिल:**

| क्र. सं. | करार सेवा वा पद | तलव मासिक | स्थानीय भत्ता मासिक | चाडपर्व खर्च बार्षिक | पोशाक खर्च /बार्षिक | प्रोत्साहन भत्ता / मासिक | अन्य सुविधा |
|---|---|---|---|---|---|---|---|
| | **गाउँपालिकाको स्वीकृत स्थायी दरवन्दीमा कार्यरत अस्थायी र करार कर्मचारी** | | | | | | |
| १. | ईन्जिनियर | ४३६८९। | ००।०० | ४३६८९। | १००००। | १२०००। | ००।०० |
| २. | सव ईन्जिनियर | ३४७३०। | ००।०० | ३४७३०। | १००००। | ९०००। | ००।०० |
| ३. | अ. सव ईन्जिनियर | ३२९००। | ००।०० | ३२९००। | १००००। | ९०००। | ००।०० |
| ४. | प्रशासन सहायक/चौथोस्तर | ३२९००। | ००।०० | ३२९००। | १००००। | ००।०० | ००।०० |
| ५. | सहायक कम्प्युटर अपरेटर | ३२९००। | ००।०० | ३२९००। | १००००। | ००।०० | ००।०० |
| | **गाउँपालिकाको करार दरवन्दीमा कार्यरत कर्मचारी** | | | | | | |

गणेश बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

| क्र. सं. | करार सेवा वा पद | तलव मासिक | स्थानीय भत्ता मासिक | चाडपर्व खर्च बार्षिक | पोशाक खर्च /बार्षिक | प्रोत्साहन भत्ता / मासिक | अन्य सुविधा |
|---|---|---|---|---|---|---|---|
| ६. | श्रम रोजगार बैंक अध्यक्ष | २८६००। | ००।०० | २८६००। | १००००। | ००।०० | ००।०० |
| ७. | श्रम रोजगार बैंक मुख्य व्यवस्थापक | २८६००। | ००।०० | २८६००। | १००००। | ००।०० | ००।०० |
| ८. | सहायक कम्प्युटर अपरेटर | ३२९०० | ००।०० | ३२९०० | १००००। | ००।०० | ००।०० |
| ९. | सहायक निरीक्षक | २८०००। | ००।०० | २८०००। | १००००। | ००।०० | ००।०० |
| १०. | नगर प्रहरी/हवल्दार | २२०००। | ००।०० | २२०००। | १००००। | ००।०० | ००।०० |
| ११. | नगर प्रहरी/सिपाही र कार्यालय सहयोगी | १९०००। | ००।०० | १९०००। | १००००। | ००।०० | ००।०० |
| १२. | हेभि सवारी चालक | २९७००। | ००।०० | २९७००। | १००००। | ००।०० | ००।०० |
| १३. | हलुका सवारी चालक | २७०००। | ००।०० | २७०००। | १००००। | ००।०० | ००।०० |
| १४. | कार्यालय सहयोगी | २२०००। | ००।०० | २२०००। | १००००। | ००।०० | ००।०० |
| १५. | पाले | १६०००। | ००।०० | १६०००। | १००००। | ००।०० | ००।०० |
| १६. | स्वीपर/माली | १२०००। | ००।०० | १२०००। | ०।०० | ००।०० | ००।०० |
| | **अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र श्रेणीविहिन कर्मचारीहरु** | | | | | | |
| १६. | मेडिकल अधिकृत आठौं तह | ४८७३७ | ००।०० | ४८७३७ | १००००। | सुरु तलवको ८० प्रतिशत | अतिरिक्त भत्ता- ४००००। |
| १७. | सहायकस्तर पाँचौ तहका स्वास्थ्यकर्मी | ३४७००। | ००।०० | ३४७००। | १००००। | ००।०० | ००।०० |
| १८. | सहायकस्तर चौथो तहका स्वास्थ्यकर्मी | ३२९००। | ००।०० | ३२९००। | १००००। | ००।०० | ००।०० |
| १९. | हलुका सवारी चालक | २४०००। | ००।०० | २४०००। | १००००। | ००।०० | ००।०० |
| २०. | कार्यालय सहयोगी | २२०००। | ००।०० | २२०००। | १००००। | ००।०० | ००।०० |
| २१. | पाले | १८०००। | ००।०० | १८०००। | १००००। | ००।०० | ००।०० |
| २२. | स्वीपर | ७०००। | ००।०० | ७०००। | १००००। | ००।०० | ००।०० |
| | **स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी र श्रेणीविहिन कर्मचारी** | | | | | | |
| २३. | सहायकस्तर चौथो | २६०००। | ००।०० | २६०००। | १००००। | ००।०० | ००।०० |
| २४. | कार्यालय सहयोगी | २२०००। | ००।०० | २२०००। | १००००। | ००।०० | ००।०० |
| २५. | स्वीपर | ७०००। | ००।०० | ७०००। | १००००। | ००।०० | ००।०० |
| | **नागरिक आरोग्य सेवा केन्द्रका स्वास्थ्यकर्मी र श्रेणीविहिन कर्मचारी** | | | | | | |
| २६ | कविराज | १२०००। | ००।०० | ३४०००। | १००००। | ००।०० | ००।०० |
| २७ | कार्यालय सहयोगी | २२०००। | ००।०० | २२०००। | १००००। | ००।०० | ००।०० |
| | खेलकुद विकास समितिमा कार्यरत खेलकुद सहजकर्ता र खेलकुद प्रशिक्षक | | | | | | |
| २८ | खेलकुद सहजकर्ता | २३५००। | ०।०० | २३५००। | १००००। | ००।०० | ००।०० |
| २९ | खेलकुद प्रशिक्षक | २६०००। | ०।०० | २६०००। | १००००। | ००।०० | ००।०० |

गणेश बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. २० :**

नेपाल सरकारको नीति तथा कार्यक्रममा खरको छाना भएका घरहरुलाई खरको छानामुक्त घर बनाउने नीति अनुसार यस गाउँपालिका भित्र रहेका खरका छाना भएका घरहरुलाई खरको छानामुक्त बनाउन नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :**

यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को लागि स्वीकृत वार्षिक कार्यक्रममा विनियोजन भएका केहि शिर्षकहरुमा नेपाल सरकार तथा प्रदेश सरकारबाट थप रकम प्राप्त भएको र केहि नयाँ कार्यक्रम तथा बजेट रकम थप भई आएको हुँदा चालु आ.व. २०८०/०८१ को संशोधित एवं परिमार्जित वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :**

यस गाउँपालिकामा संचालन हुने विभिन्न कार्यक्रममा सार्वजनिक-निजी साझेदारी (PPP) अवधारणा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :**

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत गाउँपालिकाबाट नियुक्ति अनुदान शिक्षकको मासिक सुविधा साविक बमोजिम तोक्ने र विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको पारिश्रमिक ज्यादै न्यून रहेकोले हाल पाईरहेको पारिश्रमिकमा नेपाल सरकारले उपलब्ध गराउने सेवा सुविधामा साविककै रकम थप गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

कर्णाली प्रदेश सरकार र यस गाउँपालिका बीचको सम्झौता बमोजिम सहलगानीमा वडा नं. १ पगनाथमा सरकारी बाख्राको श्रोत केन्द्र स्थापना गर्न खोर तथा कार्यालय भवन निर्माण कार्य भई सम्पन्न भएको र थप पूर्वाधार निर्माण कार्य गर्न, पशु सेवा प्राविधिक तथा बाखा हेरालुलाई निन्तरता, पशु विमा सम्वन्धी कार्यक्रममा सहयोग गर्न कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:**

गाउँपालिकाको श्रोत अभावले वस्ती तथा वडास्तरबाट प्राथमिकीकरण भई आएका आयोजना तथा कार्यक्रमहरुमा वजेट विनियोजन गर्न नसकिएको हुँदा उक्त आयोजना तथा कार्यक्रमहरु संचालनको लागि प्रदेश सरकार तथा संघीय सरकार र अन्य निकायमा बजेट माग सूचीकृतको लागि गाउँ कार्यपालिकाबाट पेश भएका आयोजना तथा कार्यक्रमहरु स्वीकृत गरि वार्षिक वजेट पुस्तिकामा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :**

यस भगवतीमाई गाउँपालिकामा खाद्य डिपो स्वीकृत भई सकेको हुनाले खाद्यको गोदाम घर आवश्यक भएकोले खाद्य गोदाम घर निर्माणको लागि कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश नेपाल

**निर्णय नं. २७:**

भगवतीमाई गाउँपालिका वडा नं. १ र २ वेस्तडा बजारमा कृषि भूमीको लागि सिंचाई स्रोतको अभाव भएकोले कट्टी खोलाबाट लिफ्टिङ्ग सिंचाई प्रविधि जडानको लागि कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :**

यस गाउँपालिकाको कर्मचारी पदपूर्ति समितिले आ.व. २०८०/०८१ मा सम्पन्न गरेको पदपूर्ति सम्वन्धी कार्यहरुको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९ :**

नेपाल सरकारको एक वडा एक खेलमैदान कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका प्रत्येक वडामा एक खेल मैदान निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०:**

यस भगवतीमाई गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा शिक्षक दरवन्दी अभाव हुँदा अध्यापन कार्यमा पर्न गएको कठिनाईलाई हटाउन यस अघि गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाको निर्णय बमोजिम अनुदान रकमबाट करार सेवामा नियुक्त शिक्षकहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३१ :**

यस गाउँपालिकाबाट सञ्चालित भगवतीमाई आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि गाउँपालिकाको श्रोतले मात्र अस्पताल सञ्चालन गर्न कठिनाई हुने भएकोले आवश्यक अनुदान र मेडिकल उपकरण सहयोगको लागि कर्णाली प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२ :**

आगामी आ.व. २०८१/०८२ मा यस कार्यालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको ईन्धन सुविधा देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | विषयगत शाखा/वडा/सेवा केन्द्र | एकाई | ईन्धनको किसिम | वार्षिक परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | लि. | डिजेल/पेट्रोल | ७२० | |
| २. | वडा कार्यालय सवै | लि. | पेट्रोल | १२० | प्रति वडा |
| ३. | आधारभूत अस्पताल | लि. | पेट्रोल | १०० | |
| ४. | कृषि सेवा केन्द्र | लि. | पेट्रोल | १२० | |
| ५. | पशु सेवा केन्द्र | लि. | पेट्रोल | २०० | |
| ६. | प्रशासन, योजना तथा अनुगमन शाखा | लि. | पेट्रोल | २०० | |
| ७. | आर्थिक प्रशासन शाखा/आन्तरिक लेखा परीक्षण | लि. | पेट्रोल | २०० | |

| क्र.सं. | विषयगत शाखा/वडा/सेवा केन्द्र | एकाई | ईन्धनको किसिम | वार्षिक परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | इकाई/राजस्व इकाई | | | | |
| ८. | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा | लि. | पेट्रोल | ४५० | |
| ९. | सामाजिक तथा आर्थिक विकास शाखा | लि. | पेट्रोल | १५० | |
| १०. | शिक्षा, युवा तथा खेलकूद शाखा | लि. | पेट्रोल | २०० | |
| ११. | स्वास्थ्य शाखा/नागरिक आरोग्य सेवा केन्द्र | लि. | पेट्रोल | ४५० | |
| १२. | रोजगार सेवा केन्द्र/श्रम रोजगार बैंक | लि. | पेट्रोल | २०० | |
| | जम्मा | | | ३१७० | |

**निर्णय नं. ३४ :**

आगामी आ.व. २०८१/०८२ मा यस कार्यालय र अन्तर्गत रहेका सवारी साधन तथा मेशिनरी औजारहरुको मर्मत खर्च सुविधा देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | सवारी साधन | एकाई | वार्षिक रु. | कैफियत |
|---|---|---|---|---|
| १. | व्याकहोलोडर | रु. | ३०००००। | |
| २. | एम्बुलेन्स | रु. | १०००००। | |
| ३. | स्कारपियो | रु. | ४०००००। | |
| ४. | प्रति मोटरसाइकल | रु. | १०,०००। | |

यस निर्णय भन्दा बढी रकमको मर्मत गर्नुपर्ने देखिएमा गाउँ कार्यपालिकाको पूर्व स्वीकृति लिएर मात्र सवारी साधन मर्मत गर्नुपर्नेछ ।

**निर्णय नं. ३५ :**

यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय वा शाखा तथा इकाईमा कार्यरत कर्मचारीहरुलाई कार्यालय समयको अतिरिक्त र सार्वजनिक विदाको दिन काम गरे वापत खाजा खाना वापत क्रमशः रु. ३००। र ६०० दैनिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३६ :**

यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, आधारभूत अस्पताल, स्वास्थ्य संस्था, सेवा केन्द्र लगायत सबै निकाय तथा शाखाहरुवाट कार्यान्वयन हुने कार्यक्रम तथा वितरण गरिने अनुदान निश्चित मापदण्ड, कार्यविधि वा निर्देशिका बनाएर मात्र कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ३७ :**

यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, आधारभूत अस्पताल, स्वास्थ्य संस्था, सेवा केन्द्र लगायत सबै निकाय तथा शाखाहरुबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा निर्माण कार्य, वस्तु वा सेवाको खरिद गर्दा रु. १००००० देखि माथिको निर्माण कार्य, वस्तु वा सेवाको खरिद गर्दा अपनाईने दरभाउपत्र, शिलवन्दी दरभाउपत्र र शिलवन्दी बोलपत्र तथा परामर्श सेवालाई पुर्ण प्रतिस्पर्धी बनाएर मात्र निर्माण कार्य, वस्तु वा सेवाको खरिद गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८ :**

यस भगवतीमाई गाउँपालिकाबाट आ.व. २०७३/०७४ देखि गत आ.व. २०७९/०८० सम्म सम्पादन गरेका आर्थिक कारोबारको महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण भई कायम भएको बेरुजु नियमित गर्न अर्थ तथा सार्वजनिक लेखा समितिबाट पेश भए बमोजिम नियमित गर्ने र समपरिक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८१/०८२ मा आयोजना तथा कार्यक्रम सञ्चालन गर्न आयोजना तथा कार्यक्रम पेश गरेका देहायका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरि बार्षिक बजेट पुस्तिकामा समावेश गर्ने निर्णय गरियो । साथै सोही बमोजिम कार्यक्रम कार्यान्वयनको अख्तियारी प्रदान गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४० :**

चालु आ.व. २०८०/०८१ मा सम्झौता भई निर्माण कार्य पुरा हुन नसकेका आयोजनाहरु आगामी आ.व. २०८१/०८२ मा क्रमागत गर्न र कार्य सम्पन्न भई भुक्तानी गर्न छुटेका योजना तथा कार्यक्रमको दायित्व भुक्तानी गर्न बजेट स्वीकृत गरी आगामी आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने र भुक्तानीको लागि गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१ :**

यस गाउँपालिकाको पन्ध्रौं गाउँसभा मिति २०८१/०३/०७ गते सुभारम्भ भई २०८१/०३/२९ गते सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य समय, सल्लाह, सुझाव र सक्रिय सहयोग प्रदान गर्नु हुने राजनीतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, विभिन्न विषयगत समितिका पदाधिकारीहरु, सभाका सदस्यहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विषयगत कार्यालय/शाखा प्रमुखहरु, संचारकर्मी, वुद्धिजीवि, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक धन्यवाद एंव कृतज्ञता प्रकट गर्ने निर्णय गरियो ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...

Scanned with CamScanner